# कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न, रोकथाम तथा नियन्त्रणको लागि दैलेख जिल्लामा भएका गतिविधिहरु

**प्रकाशित मिति: २०७७/२/१**

## १.१ पृष्ठभूमी

विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न, रोकथाम तथा नियन्त्रणको लागि दैलेख जिल्लामा भएका गतिविधिहरु सर्वसाधरण समक्ष राख्न यो बुलेटीन, अंक-२ प्रकाशन गरिएको छ।




जिल्ला प्रहरी कार्यालय, दैलेखमा स्थापना गरिएका क्वारेन्टाइन

कोरोना भाइरस(COVID-19) बाट सृजित यस विषम परिस्थितिको सामना गर्न स्वास्थ्य, सुरक्षा, खाद्यन्न, क्वारेन्टाइन, आइसोलेशन लगायत जिल्लामा उपलब्ध श्रोतसाधनको प्रयोग गरी सवै संयन्त्रलाई तयारी अवस्थामा राखिएको र जिल्ला प्रशासन कार्यालय, दैलेखबाट जारी आदेशको प्रभावकारी पालना गर्नुभएकोमा संकट व्यवस्थापन केन्द्र, जिल्लास्तरीय संरचना, दैलखसम्पूर्ण जिल्लाबासीहरुमा हार्दिक धन्यवाद प्रकट गर्दै आगामी दिनहरुमा समेत लकडाउनको पूर्ण पालना गर्दै घरभित्र रहनुहुन हार्दिक अनुरोध गर्दछ।

यस विषम परिस्थितको प्रतिरोधमा स्थानीय तह, जनप्रतिनिधि, उद्योग वाणिज्य संघ, व्यवसायी, गैरसरकारी संघ संस्था, सरकारी कार्यालय तथा बुद्धिजिवीहरुको सक्रिय सहयोगको उच्च कदर गर्दै अझ बढी सहयोग, समन्वय र सहकार्यको अपेक्षा गरिएको छ।

## १.२ कोरोना भाइरस (COVID-19) को संक्रमणबाट बच्न, रोकथाम तथा नियन्त्रणको लागि गठित संरचनाहरु

### क. कोभिड-१९ प्रकोप न्यूनीकरण समन्वय समिति

| क्र.सं. | नाम, थर | आवद्ध निकाय | पद |
|---|---|---|---|
| १ | प्रमुख श्री प्रेम बहादुर थापा | जिल्ला समन्य समिति, दैलेख | संयोजक |
| २ | प्र.जि.अ. श्री युव राज कटेल | जिल्ला प्रशासन कार्यालय, दैलेख | सदस्य |
| ३ | सेनानी श्री गणेशराज पन्थ | इन्द्रदल गुल्म, दैलेख | सदस्य |
| ४ | प्र.ना.उ. श्री हरिबहादुर वली | जिल्ला प्रहरी कार्यालय, दैलेख | सदस्य |
| ५ | स.प्र.ना.उ.श्री जीवन भट्टराई | स.प्र.व.ने., आश्रित गुल्म, दैलेख | सदस्य |
| ६ | प्र.अ.अ.श्री गणेश प्रसाद आचार्य | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, दैलेख | सदस्य |
| ७ | का.प्र.डा.निरञ्जन पन्त | स्वास्थ्य सेवा कार्यालय, दैलेख | सदस्य |
| ८ | सभापति श्री खेमराज के.सी. | रेडक्रस नेपाल, जिल्ला शाखा, दैलेख | सदस्य |
| ९ | पत्रकार श्री विष्णु शर्मा | संवाददाता, नेपाल टेलिभिजन | सदस्य |
| १० | नि.जि.स.अ.श्री पदम सापकोटा | जिल्ला समन्वय समिति, दैलेख | स-सचिव |

### ख. कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सुरक्षा उप समिति

| क्र.सं. | नाम, थर | आवद्ध निकाय | पद |
|---|---|---|---|
| १ | प्र.जि.अ. श्री युव राज कटेल | जिल्ला प्रशासन कार्यालय, दैलेख | संयोजक |
| २ | सेनानी श्री गणेशराज पन्थ | इन्द्रदल गुल्म, दैलेख | सदस्य |
| ३ | प्र.ना.उ. श्री हरिबहादुर वली | जिल्ला प्रहरी कार्यालय, दैलेख | सदस्य |
| ४ | स.प्र.ना.उ.श्री जीवन भट्टराई | स.प्र.व.ने., आश्रित गुल्म, दैलेख | सदस्य |
| ५ | प्र.अ.अ.श्री गणेश प्रसाद आचार्य | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, दैलेख | सदस्य |
| ६ | स.प्र.जि.अ.श्री इन्द्र बहादुर क्षेत्री | जिल्ला प्रशासन कार्यालय, दैलेख | स-सचिव |

### ग. Rapid Response Team (RRT)

| क्र.सं. | नाम, थर | आवद्ध निकाय | पद |
|---|---|---|---|
| १ | का.प्र.डा.निरञ्जन पन्त | स्वास्थ्य सेवा कार्यालय, दैलेख | संयोजक |
| २ | डा.जगत बहादुर थापा | स्वास्थ्य सेवा कार्यालय | सदस्य |
| ३ | डा.विनोद गैरे | स्वास्थ्य सेवा कार्यालय | सदस्य |
| ४ | खो.अ.श्री थीर प्रसाद रेग्मी | स्वास्थ्य सेवा कार्यालय | सदस्य |

| | | | |
|---|---|---|---|
| ५ | अधिकृत स्तरको प्रतिनिधि | जिल्लास्थित सुरक्षा निकाय | सदस्य |
| ६ | ल्या.टे.श्री टक बहादुर भण्डारी | स्वास्थ्य सेवा कार्यालय | सदस्य |
| ७ | ज.स.नि.श्री नवराज सुवेदी | स्वास्थ्य सेवा कार्यालय | सदस्य |
| ८ | स्टाफ नर्स श्री सुनिता खत्री | स्वास्थ्य सेवा कार्यालय | सदस्य |
| ९ | अ.हे.व.श्री विमल कुमार बुढा | स्वास्थ्य सेवा कार्यालय | सदस्य |
| १० | का.स.श्री यम बहादुर थापा | स्वास्थ्य सेवा कार्यालय | सदस्य |

### घ. बजार अनुगमन समिति

| क्र.सं. | नाम, थर | आवद्ध निकाय | पद |
|---|---|---|---|
| १ | स.प्र.जि.अ.श्री इन्द्र बहादुर क्षेत्री | जिल्ला प्रशासन कार्यालय, दैलेख | संयोजक |
| २ | अधिकृत स्तरको कर्मचारी | सम्बन्धित पालिका | सदस्य |
| ३ | प्र.नि.उपेन्द्र राज आचार्य | जिल्ला प्रहरी कार्यालय, दैलेख | सदस्य |
| ४ | का.प्र.पर्शुराम आचार्य | उद्योग तथा उपभोक्ता हित सं.का. | सदस्य |
| ५ | प्रतिनिधि | उद्योग वाणिज्य संघ | सदस्य |
| ६ | पत्रकार श्री हिकमत नेपाली | अन्नपूर्ण पोष्ट | सदस्य |
| ७ | राप.अं. प्रथम/द्धितीय श्रेणीको कर्मचारी | जिल्ला प्रशासन कार्यालय, दैलेख | स-सचिव |

### ङ. कोभिड-१९ कमाण्ड पोष्ट

| | | | |
|---|---|---|---|
| १ | प्र.जि.अ. श्री युव राज कटेल | जिल्ला प्रशासन कार्यालय, दैलेख | संयोजक |
| २ | प्रमुख श्री रत्न बहादुर खड्का | नारायण नगरपालिका | सदस्य |
| ३ | सेनानी श्री गणेशराज पन्थ | इन्द्रदल गुल्म, दैलेख | सदस्य |
| ४ | प्र.ना.उ. श्री हरिबहादुर वली | जिल्ला प्रहरी कार्यालय, दैलेख | सदस्य |
| ५ | स.प्र.ना.उ.श्री जीवन भट्टराई | स.प्र.व.ने., आश्रित गुल्म, दैलेख | सदस्य |
| ६ | प्र.अ.अ.श्री गणेश प्रसाद आचार्य | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, दैलेख | सदस्य |
| ७ | का.प्र.डा.निरञ्जन पन्त | स्वास्थ्य सेवा कार्यालय, दैलेख | सदस्य |
| ८ | स.प्र.जि.अ.श्री इन्द्र बहादुर क्षेत्री | जिल्ला प्रशासन कार्यालय, दैलेख | सदस्य |
| ९ | सभापति श्री खेमराज के.सी. | रेडक्रस नेपाल, जिल्ला शाखा, दैलेख | सदस्य |
| १० | अध्यक्ष श्री कुल बहादुर वि क | दैलेख उद्योग वाणिज्य संघ, दैलेख | सदस्य |

### च. कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(CCMC), जिल्लास्तरीय संरचना, दैलेख

| | | |
|---|---|---|
| १ | प्र.जि.अ. श्री युव राज कटेल | जिल्ला प्रशासन कार्यालय, दैलेख |
| २ | सेनानी श्री गणेशराज पन्थ | इन्द्रदल गुल्म, दैलेख |
| ३ | प्र.ना.उ. श्री हरिबहादुर वली | जिल्ला प्रहरी कार्यालय, दैलेख |
| ४ | स.प्र.ना.उ.श्री जीवन भट्टराई | स.प्र.व.ने., आश्रित गुल्म, दैलेख |
| ५ | प्र.अ.अ.श्री गणेश प्रसाद आचार्य | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, दैलेख |
| ६ | का.प्र.डा.निरञ्जन पन्त | स्वास्थ्य सेवा कार्यालय, दैलेख |
| ७ | नि.जि.स.अ.श्री पदम सापकोटा | जिल्ला समन्वय समिति, दैलेख |
| ८ | स.प्र.जि.अ.श्री इन्द्र बहादुर क्षेत्री | जिल्ला प्रशासन कार्यालय, दैलेख |

## १.३ बैठक, अनुगमन तथा राहत वितरण

### १.३.१ बैठकहरु

| क्र.सं. | बैठक बस्ने समिति | बैठक संख्या |
|---|---|---|
| १ | जिल्ला विपद् व्यवस्थापन समिति | ४ |
| २ | कोभिड-१९ प्रकोप न्यूनीकरण समन्वय समिति | ३ |
| ३ | कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सुरक्षा उप समिति | २ |
| ४ | कोभिड-१९ कमाण्ड पोष्ट | २ |
| ५ | संकट व्यवस्थापन केन्द्र, जिल्लास्तरीय संरचना, दैलेख | १० |
| ६ | बजार अनुगमन | ४ |


### १.३.२ अनुगमन



**लुकाएर राखिएका १४ सिलिण्डर ग्यास जफत:** व्यापारीहरुले खाना पकाउने ग्यासको अभाव सिर्जना गराएको भन्दै उपभोक्ताहरुले गुनासो गरेपछि जिल्ला प्रशासन कार्यालय दैलेखले बजार अनुगमनका क्रममा लुकाएर राखेका १४ वटा ग्यास सिलिण्डर जफत गरेको छ। व्यापारीहरुले ग्यास लुकाएर अभाव सिर्जना गर्ने गरेको बढी मूल्यमा बिक्री गर्ने गरेको भन्दै गुनासो बढेपछि दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी इन्द्रबहादुर क्षत्रीको नेतृत्वमा प्रहरी निरीक्षक नैनबहादुर साउद र पत्रकार सहितको टोलीले ग्यास बिक्रेताको पसलहरु अनुगमन गरेको थियो।

**लकडाउनको क्रममा जुवातास खेल्ने पक्राउ**

जिल्ला प्रशासन कार्यालय, दैलेखबाट सहायक प्रमुख जिल्ला अधिकारी इन्द्र बहादुर क्षेत्री, जिल्ला प्रहरी कार्यालय, दैलेखका प्रहरी निरीक्षक उपेन्द्र प्रसाद आचार्य लगायतको टोलीले दैलेख जिल्ला गुराँस गाउँपालिका, तल्लो डुङ्गेश्वर बजारबाट जुवातास खेलीरहेको अवस्थामा ४ जना व्यक्तिहरूलाई नियन्त्रणमा लिई कानूनी कारवाहीको दायरामा ल्याएको छ।



मंगलवार, ३० वैशाख, २०७७ | TUESDAY MAY 12, 2020 | सफलताको १४ औं वर्ष

## तास खेल्दै गरेका ४ जना पक्राउ

धमाका संवाददाता
बैशाख २९, दैलेख

जिल्ला प्रशासन कार्यालय दैलेखबाट गएको अनुगमन टोलिले तल्लो डुङ्गेश्वरमा तास खेलीरहेको अवस्थामा ४ जनालाई पक्राउ गरेको छ। जिल्ला प्रशासन, जिल्ला प्रहरी लगायतको संयुक्त टोलिले पक्राउ गरेका ४ जनालाई म्याद थप गरेर कानुन अनुसार कारबाहीको प्रकृया थालिएको छ।

लक डाउनका समयमा अनावश्यक जुवा तास खेल्ने, खाद्यान्न र दैनिक उपभोग्य सामानहरूको मुल्य बढाउने जस्ता काममा संलग्नहरूलाई कानुन अनुसार कडाभन्दा कडा कारवाही गर्ने नीति जिल्ला प्रशासन कार्यालय दैलेखले लिएको छ।

## कोरोना प्रभाव : महामारीको मौका छोपेर क्षमता बढि यात्रु

**हिक्मतबहादुर नेपाली**



**दैलेख :** विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरसका कारण नेपाल सरकारले शिक्षण संस्थामा पठनपाठन बन्द गरेपछि सुर्खेत, नेपालगंज तथा काठमाडौंबाट अधिकांश विद्यार्थी र अभिभावकहरु जिल्ला भित्रिने क्रम बढेको छ । कोरोना भाइरसको प्रभावका कारण शहर छोडेर गाउँ फर्कनेको संख्या ह्वात्तै बढेको छ। यात्रुको चाप बढेसँगै सिट क्षमता भन्दा बढि यात्रु बोक्ने, गाडी भाडामा ठगी गर्ने जस्ता गतिविधी रोक्न दैलेख सुर्खेत सडक खण्डमा सञ्चालन हुने सवारी साधनको चेकजाँच गरिएको छ। दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी इन्द्रबहादुर क्षेत्रीको नेतृत्वमा प्रहरी निरिक्षक उपेन्द्रप्रसाद आचार्य सहित पत्रकारको टोलीले दैलेख सुर्खेत सडक खण्डमा सञ्चालन हुने झण्डै दुई सय बढि सवारी साधन चेकजाँच गरिएको हो ।

## बजार अनुगमन गर्दा अवैध मदिरा प्राप्त

**दैलेख**: कोरोना भाइरस (कोभिड–१९) रोकथाम तथा नियन्त्रणका लागि मुलुक लकडाउन (बन्दाबन्दी)मा छ। सरकारले कोरोना भाइरसको सक्रमण रोक्न लकडाउन गरेर अत्यावश्यकीय सामग्री मात्र बिक्री वितरण गर्न निर्देशन दिएको छ। जिल्ला प्रशासन कार्यालय, दैलेख सहितको संयुक्त बजार अनुगमन टोलिले डुङ्गेश्वर गाउँपालिका वडा नं. १ चुप्रा बजारमा बजार अनुगमन गर्दा ठुलोमात्रामा अवैध मदिरा प्राप्त गरी नष्ट गरेको छ।



दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी इन्द्रबहादुर

क्षेत्री, प्रहरी निरीक्षक उपेन्द्रप्रसाद आचार्य नेतृत्वको टोलीले गरेको अनुगमनका क्रममा यस्तो पाइएको हो। बिक्री वितरणका लागि तयार पारिएको घरेलु मदिरा, कच्चा पदार्थ र औषधी नियन्त्रणमा लिइ सचेत पारिएको सहायक प्रमुख जिल्ला अधिकारी क्षेत्रीले बताए। डुंगेश्वर गाउँपालिका–१ स्थित चुप्रा बजारमा गरिएको अनुगमनमा १ हजार ७ सय लिटर अवैध घरेलु मदिरा, ६ सय ८० केजी कच्चा पदार्थ र २ सय ५० केजी औषधी नियन्त्रणमा लिइएको उनले बताए। नियन्त्रणमा लिइएको मदिरा वडाका जनप्रतिनीधि लगाएतको रोहबरमा लोहोरे खोला किनारमा नष्ट गरिएको छ। यस्तै १३ थान घरेलु मदिरा उत्पादन गर्ने भाँडा नियन्त्रण लिइएको छ।

### १.३.३ राहत वितरण

**दैलेखको नारायण नगरपालिकाद्वारा विपन्न वर्गलाई राहत वितरण सुरु**

**दैलेख,२३ चैत।** दैलेखको नारायण नगरपालिकाले नगर क्षेत्रका ११ वटै वडाका एक हजार बढी घरपरिवारलाई राहत वितरण शुरु गरेको छ । अति बिपन्न , असहाय र निम्न आय भएका परिवारलाई नगरपालिकाले राहत वितरण गर्न आरम्भ गरेको हो ।प्रत्येक वडाबाट बिपन्न , असहाय र निम्न आय भएका परिवारको लागत संकलन गरि त्यसैको आधारमा खाद्यन्न संकटको नजिक रहेका परिवारलाई खाद्यन्न वितरण गर्न सुरु गरिएको हो ।




**दुल्लु नगरपालिकाले सुरु गऱ्यो राहत वितरण**

**दैलेख** :जिल्लाको दुल्लु नगरपालिकाले आइतवारबाट राहत वितरण सुरु गरेको छ । कोरोना भाइरस संक्रमणको कारण सरकारले लकडाउन घोषणा गरेपछि खाद्यान्नको समस्या भएका परिवारलाई राहत वितरण सुरु गरेको नगरका मेयर घनश्याम भण्डारीले बताए । लकडाउनको समयमा दैनिक गुजारा चलाउन मुस्किल परेका परिवारलाई नगरले राहत वितरण थालेको मेयर भण्डारीको भनाई छ ।



## गुराँस गाउँपालिकाले सञ्चालनमा ल्यायो ६ स्थानमा सुपथ मूल्य पसल

दैलेख चैत्र २८ : गुराँस गाउँपालिकाले गरिब तथा विपन्न समुदायका नागरिकलाई दैनिक जिविकोपार्जनमा सहयोग पुऱ्याउने उद्धेश्यले पालिका स्तलको गुराँसे बजार र वडा नं १, ५, ६, ७ र ८ मा सुपथ खाद्य पसल सञ्चालन गरेको छ । बाँकी वडामा पनि छिटै सुपथ मूल्य पसल सञ्चालन गर्ने योजना रहेको गाउँपालिकाका अध्यक्ष खेमराज ओलीले जानकारी गराए



## १.४ क्वारेन्टाइन र आइसोलेशनको व्यवस्थापन

| क्र.सं. | पालिका | Quarantine bed | बसेका मानिस | फिर्ता | Isolation bed | बसेका मानिस | फिर्ता |
|---|---|---|---|---|---|---|---|
| १ | नारायण नगरपालिका | १०६ | ० | ० | ६५ | | |
| २ | दुल्लू नगरपालिका | १९० | २ | ७९ | ५ | | ४ |
| ३ | चामुण्डा विन्द्रासैनी नगरपालिका | १२० | ६ | १३३ | ३ | | |
| ४ | आठवीस नगरपालिका | १९८ | २ | १२४ | ० | | २ |
| ५ | ठाटीकाँध गाउँपालिका | १३६ | ० | १०२ | १० | | २ |
| ६ | भैरवी गाउँपालका | ३५ | ३ | ० | ० | | |
| ७ | महाबु गाउँपालिका | ९० | ० | ३९ | ११ | | |
| ८ | नौमूले गाउँपालिका | २६ | १ | ६ | ४ | | |
| ९ | भगवतिमाई गाउँपालिका | ५० | ० | ३२ | ० | | |
| १० | डुङ्गेश्वर गाउँपालिका | ५० | ० | ११ | १३ | | |
| ११ | गुराँस गाउँपालिका | ७८ | ० | ३० | २ | | |
| **जम्मा** | | १०७९ | १४ | ५५६ | ११३ | | ८ |

## कोभिड–१९ जोखिमः नारायण क्याम्पसमा क्वारेन्टाइन र सरस्वती मा.वि.मा आइसोलेशन बन्दै

**दैलेख** :जिल्ला सदरमुकाम स्थित नारायण क्याम्पसको भवनमा क्वारेन्टाइन बनाइने भएको छ। जिल्ला प्रशासन कार्यालय, नारायण नगरपालिका, जिल्ला प्रहरी कार्यालयको पहलमा नेपाली सेनाले काम थालेको छ। सय बेडको लक्ष सहित तत्काल ४० बेडको क्वारेन्टाइन र सरस्वती मा.वि. तर्ताङमा २० वेडको आइसलेशन बनाउने पक्रिया थालिएको हो। प्रमुख जिल्ला अधिकारी युवराज कटेलको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले कारोनाको जोखिम रहेको निश्कर्ष निकाल्दै एक सय बेडको क्वारेन्टाइन र ४० वेडको आइसोलेशन निर्माण गर्ने निणर्य गरेको हो।




## दैलेखको नारायण क्याम्पसमा क्वारेन्टाइन र सरस्वति मा.वि.मा आइसोलेशन निर्माण:

दैलेखको नारायण नगरपालिका वडा नं. ७ रामपुर स्थित नारायण क्याम्पसमा ४७ वेडको क्वारेन्टाइन र सरस्वति मा. वि. तर्ताङ्गमा २० बेडको आइसलेशन निर्माण गरिएको छ। जिल्ला प्रशासन कार्यालय, दैलेख नारायण नगरपालिका, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र स्वास्थ्य सेवा कार्यालयको संयुक्त प्रयासमा उक्त क्वारेन्टाइन र आइसोलेशन निर्माण कार्य गरिएको हो।



नारायण क्याम्पसमा निर्माण गरिएको क्वारेन्टाइन वेड



# दैलेखमा ९ सय ४७ जनाको परीक्षण: सबैको रिपोर्ट नेगेटिभ

**दैलेख**: नेपालगंजमा कोरोना संक्रमणको दर बढ्दै जान थालेपछि दैलेखमा उच्च सर्तकता सँगै परिक्षणका कामहरूलाई पनि तीब्र पारिएको छ।

बिश्वभर फैलिएको कोरोना भाइरस कोभिड १९ को संक्रमण फैलिन नदिन संकास्पद व्यक्तिहरूको स्वास्थ्य जाँचलाई पनि तीब्रता पारिएको छ। दैलेखमा र्‍यापिड टेस्ट अन्तर्गत ८ सय ४७ जनाको कोरोना परीक्षण गरिएको छ भने १ सय जनाको स्वाब संकलन गरिएको छ। सबैको रिपोर्ट

*बाँकी ३ पेजमा..*

NOVEL CORONA VIRUS (nCOV)

सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू

नेगेटिभ आएको स्वास्थ्य कार्यालय दैलेखले जानकारी दिएको छ।

बढ्दो गर्मीयाम सँगै जिल्ला अस्पताल दैलेखमा पनि बिरामीको संख्यामा केही मात्रामा बृद्धि भएको छ। नेपालगंजमा संक्रमितहरूको संख्या बढ्दै जान थालेपछि दैलेख जिल्ला सिल गरिएको छ। सबै सिमा नाकाहरू बन्द छन्। सिमानाबाट आउजाउ गर्नेहरूलाई पनि निगरानी गरिएको छ।

कर्णाली प्रदेशका दैलेख, कालिकोट, जुम्ला, हुम्ला, मुगु र डोल्पा सम्म पुग्ने मुख्य नाका मानिएको दैलेखको रानिमत्ता क्षेत्रबाट आवागमनमा कडाई गरिएको छ।

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(CCMC), को मिति २०७६/१२/२० बैठकबाट तोकिएको कार्यदिश

| क्र.सं. | कार्यदिश | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्ने। | Rapid Rescue Team(RRT) | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय |
| २ | औषधी उपकरण तथा स्वास्थ्य तथा स्वास्थ्य सामग्रीलगायत आवश्यक वस्तु वा सेवाको आपूर्तिको व्यवस्थापन र अनुगमन गर्ने। | स्वास्थ्य सेवा कार्यालय, दैलेख | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय |
| ३ | आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने। | स्थानीय तह | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय |
| ४ | अस्पतालहरुमा मापदण्ड अनुसार Isolation र ICU को व्यवस्थापन गर्ने। | स्वास्थ्य सेवा कार्यालय, दैलेख | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय |
| ५ | मापदण्डअनुसारको Qurantineको निर्माण तथा व्यवस्थापन गर्ने। | स्थानीय तह | जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकाय |
| ६ | Patient Receiving Team (PRT) गठन गरी विरामीहरुलाई अस्पतालसम्म पुऱ्याउने। | स्वास्थ्य सेवा कार्यलय, दैलेख | स्थानीय तह |
| ७ | स्थानीय तहरुबाट सूचना संकलन गरी गराई राष्ट्रिय आपत्कालिन कार्यसंचालन केन्द्र (National Emergency Operation Center-NEOC) र स्वास्थ्य आपत्कालीन कार्यसंचालन केन्द्र (Health Emergency Operation Center-HEOC ) मार्फत् COVID-19 Crisis Mangement Center Operation (CCMC-Ops) मा सूचना प्रवाह गर्ने। | जिल्ला प्रशासन कार्यालय, दैलेख | स्थानीय तह |
| ८ | जिल्लाभित्र रहेका सरकारी, सामुदायिक र निजी सवै एम्बुलेन्सहरुको लगत तयार गरी पालिकाहरुलाई आवश्यकताअनुसार एम्बुलेन्स सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने। | स्वास्थ्य सेवा कार्यालय, दैलेख | जिल्ला प्रशासन कार्यालय, दैलेख, स्थानीय तह र संघ संस्था |

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(CCMC), जिल्लास्तरीय संरचनाको मिति २०७६/१२/२८ को बैठकबाट तोकिएको कार्यदिश

| क्र.सं. | कार्यदिश | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १. | शंकास्पद बिरामीलाई अस्पताल ल्याउनPatient Transport Team (PPT)/Patient Receiving Team (PRT) सम्बन्धी आवश्यक व्यवस्था गर्ने | स्वास्थ्य सेवा कार्यालय, दैलेख र इन्द्रदल गुल्म, काँडाचौर, दैलेख | स्थानीय तह र रा.अ. जिल्ला कार्यालय, दैलेख |
| २. | विषम र जटिल परिस्थिति भएमा आवश्यकता अनुसार बिरामी ल्याउने समयमा Escorting गरी सुरक्षा सम्बन्धी कुनै पनि कमी कमजोरी हुन नदिने | जिल्ला प्रहरी कार्यालय, दैलेख र सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, दैलेख | स्थानीय तह र रा.अ. जिल्ला कार्यालय, दैलेख |
| ३. | स्थानीय स्तरमा चाडपर्वसंस्कृति र , परम्परा कायम गर्नेनाममा पूर्णरूपले मानिसहरू जम्मा हुन नदिने व्यवस्था मिलाउने | स्थानीय तह | जिल्ला प्रहरी कार्यालय, दैलेख, सशस्त्र प्रहरी बल नेपाल,आश्रित गुल्म, दैलेख र रा.अ. जिल्ला कार्यालय, दैलेख |
| ४. | मालवाहक सवारी साधहरू आवतजावत गर्दा कुनै पनि ठाउँमा यात्रुहरू नराख्न जानकारी गराउने र सो को कडाईका साथ अनुगमन गर्ने। | जिल्ला प्रहरी कार्यालय, दैलेख र सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, दैलेख | स्थानीय तह र रा.अ.जिल्ला कार्यालय, दैलेख |

### <u>२०७७/१/१३ गतेको निर्णयहरु</u>

- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट हुन सक्ने संभावित जोखिमबाट बच्न, रोकथाम तथा नियन्त्रणका लागि जिल्लामा भएका प्रयासहरु र जिल्लाको समग्र अवस्थाका वारेमा समिक्षा गरियो।

- यस जिल्लामा भारत लगायतका तेश्रो मूलुकबाट जिल्लामा भित्रिएका नागरिकहरुको आधारमा देहायका स्थानहरुलाई संवेदनशील स्थानका रुपमा निर्धाण गरियो। संवेदनशील स्थानहरुमा गरिने Rapid Diagnostic Test(RDT) र स्वाब परीक्षणको देहाय बमोजिमको विवरण कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र(CCMC ops), छाउनी, काठमाडौंमा पठाउने।

<u>देहाय</u>:

| क्र.सं. | संवेदनशील स्थानहरु | भारत लगायत तेश्रो मूलकबाट आएका नागरिक (RDT परीक्षण गरिने संख्या) | स्वाब परीक्षण गरिने संख्या | सदरमुकाम देखीको दुरी (कि.मी.) |
|---|---|---|---|---|
| १ | आठबीस नगरपालिका-४, राकम | २९५ | ७४ | ९२ |
| २ | ठाटीकाँध गाउँपालिका-४, लकान्द्रा | ५१ | १३ | ५२ |
| ३ | चामुण्डा विन्द्रासैनी नगरपालिका-६, जम्बुकाँध | १८९ | ४७ | ३० |
| ४ | दुल्लू नगरपालिका-५, दुल्लू अस्पताल | २८५ | ७१ | १७ |
| ५ | नारायण नगरपालिका-७, नारायण क्याम्पस | ३०४ | ७६ | ० |
| ६ | गुराँस गाउँपालिका-४, स्वास्थ्य चौकी | १९० | ४८ | ४५ |
| **जम्मा** | | **१३१४** | **३२९** | |

- भारत लगायत तेश्रो मुलकबाट १३१४ जना नागरिकहरु जिल्लामा भित्रिएकोमा Rapid Diagnostic Test(RDT) गर्न हालसम्म १०८० KITs प्राप्त भई ६३२ जनाको Rapid Diagnostic Test(RDT) गरिए पश्चात हाल ४४८ KITs बाँकी रहेको हुँदा नपुग २३४ KITs पठाउन सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा माग गर्ने।
- निर्णय नं.२ बमोजिम ३२९ जना र कोरोना भाइरस(COVID-19) को लक्ष्यण देखिएमा तत्काल गरिने स्वाब परीक्षणका लागि हालसम्म प्राप्त १४६ VTM मध्ये ९७ VTM प्रयोग भई ५५ VTM बाँकी रहेको हुँदा नपुग १८३ VTM पठाउन सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा माग गर्ने।

- भगवतिमाई गाउँपालिकाको च.नं.१७५९ मिति २०७७/१/१२ को पत्रबाट भारतबाट आएका १९ जना र देशभित्रबाट आएका ६ जना गरी २५ जनाको स्वाब/RDT परीक्षणका लागि अनुरोध भई आएकोमा हाल RDT परीक्षण गर्ने KITs को अभाव भएको हुँदा KITs प्राप्त भएपश्चात RDT परीक्षणका लागि परीक्षण टोली पठाउने।

<u>२०७७ जेठ १ गतेको निर्णयहरु</u>

- यस जिल्लामा भारतबाट दैनिक औषतमा ५० (पचास) जनाको दरमा नागरिकहरु भित्रिरहेको अवस्थामा त्यस्ता नागरिकहरुको दैलेख-सुर्खेतको सीमा नाका गुराँसेमा स्वास्थ्य सेवा कार्यालयमा रहेको Rapid Response Team (RRT) बाट स्वाब लिई स्वाब परीक्षणको Report नआउदासम्म सम्बन्धित पालिकाको क्वारेन्टीनमा राख्ने व्यवस्थाको लागि Help Desk का कर्मचारीलाई जिम्मा लगाई पठाउने र Report

Negative आएपछि स्वघोषणा गराई घर क्वारेन्टीनमा पठाउने तथा मिति २०७७/१/३१ मा कञ्चनपुर हुँदै भारतबाट आएका नागरिकको स्वाब संकलन गर्न मिति २०७७/२/२ मा आठवीस नगरपालिका र मिति २०७७/२/३ गते ठाटीकाँध गाउँपालिकामा पठाउने।

- मिति २०७७/१/३१ को बैठकको निर्णय बमोजिम ११ वटै स्थानीय तहलाई दैलेख-सुर्खेतको सीमा नाका गुराँसेमा Help Desk स्थापना तथा संचालनका लागि तयारी अवस्थामा बस्न अनुरोध गरिएकोमा मिति २०७७/२/२ देखी नै निम्नानुसार पालिकाको संयुक्त Help Desk स्थापना गरी Rapid Response Team (RRT) ले स्वाब संकलन गरेका नागरिकलाई जिम्मामा लिई स्वाबको Report नआउदासम्म अनिवार्य क्वारेन्टीनमा राख्न लेखी पठाउने।

| क्र.सं. | पालिकाको नाम | Help Desk |
|---|---|---|
| १ | नारायण नगरपालिका, नौमूले, महाँबु र भगवतिमाई गाउँपालिका | १ |
| २ | गुराँस र डुङ्गेश्वर गाउँपालिका | १ |
| ३ | दुल्लू, चामुण्डा विन्द्रासैनी नगरपालिका र भैरवी गाउँपालिका | १ |
| ४ | आठवीस नगरपालिका र ठाटीकाँध गाउँपालिका | १ |

- कर्णाली राजमार्ग अन्तर्गत दैलेख-सुर्खेत सीमा नाका (सेतो भिर अम्लेसी) सील गर्ने र उक्त राजमार्ग हुँदै सुर्खेतबाट दैलेख प्रवेश गर्ने सवारी साधनलाई प्रवेशमा रोक लगाउन सहयोगका लागि जिल्ला प्रशासन कार्यालय, सुर्खेतलाई अनुरोध गर्ने।

- यस जिल्लामा भारत लगायतका तेश्रो मुलुकबाट जिल्लामा भित्रिएका नागरिकहरुको हालसम्मको संख्या १३६३ जना रहेको र दैनिक औषतमा ५० (पचास) जनाको दरमा नागरिकहरु भारतबाट जिल्ला भित्रिरहेको अवस्थामा त्यस्ता नागरिकहरुको स्वास्थ्य चेक जाँच गर्न कर्णाली प्रदेश अस्पतालमा पठाउने कार्य भैरहेकोमा ताहाँबाट स्वाबको Report आउन हप्ता पन्ध्र दिन लाग्ने र यस जिल्लाबाट संकलन गरी पठाइएका स्वाबको पालो छिट्टै नआएमा गलत Report समेत आउने संभावना हुने हुँदा कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषबाट यस जिल्लाको जिल्ला विपद् व्यवस्थापन कोषमा कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा निर्मूल सम्बन्धमा निकासा भएको रु.५०,००,०००/-(अक्षेरुपी पचास लाख रुपैया मात्र) बाट PCR Manchine खरिद गर्ने अख्तियारीका लागि Province Crisis Management Center (PCMC) मा अनुरोध गर्ने।

## १.५ स्वास्थ्य उपकरण र परीक्षण

| क्र.सं. | पालिका | PPE | थर्म गन | स्वाप परीक्षण | रिपोर्ट | RDT | रिपोर्ट |
|---|---|---|---|---|---|---|---|
| १ | नारायण नगरपालिका | ३० | १ | १५ | Negative | २३१ | Negative |
| २ | दुल्लू नगरपालिका | १७६ | १ | ९ | Negative | ५१ | Negative |
| ३ | चामुण्डा विन्द्रासैनी नगरपालिका | ७३ | ३ | १७ | Negative | १५ | Negative |
| ४ | आठवीस नगरपालिका | ४७ | २ | २७ | Negative | १२० | Negative |
| ५ | ठाटीकाँध गाउँपालिका | ८० | ० | ९ | Negative | १३४ | Negative |
| ६ | भैरवी गाउँपालका | ८६ | ६ | ० | Negative | ३० | Negative |
| ७ | महाबु गाउँपालिका | ५८ | ५ | ० | Negative | ४४ | Negative |
| ८ | नौमूले गाउँपालिका | ५१ | ७ | ९ | Negative | ५६ | Negative |
| ९ | भगवतिमाई गाउँपालिका | १११ | ३ | ७ | Negative | ८६ | Negative |
| १० | डुङ्गेश्वर गाउँपालिका | ३२ | ० | ७ | Negative | ८६ | Negative |
| ११ | गुराँस गाउँपालिका | ८७ | ६ | ० | Negative | ७ | Negative |
| **जम्मा** | | ८३१ | ३४ | १०० | Negative | ८६० | Negative |



स्वास्थ्यकर्मी व्यक्तिगत सुरक्षा उपकरण(PPE)मा





COVID-19 Friendly Ambulance



## दैलेख जिल्लामा भएका एम्बुलेन्सको विवरण

| क्र.सं. | स्थानीय तह | एम्बुलेन्स नं. | चालकको नाम | सम्पर्क नं. | एम्बुलेन्स धनी |
|---|---|---|---|---|---|
| १ | नारायण नगरपालिका | भे१झ १८४ | अर्जुन ब. शाही | ०८९-४१०१२७ | स्वास्थ्य सेवा कार्यालय |
| | | बा२झ ३१०२ | पूर्ण ब. बस्नेत | ९८६७४६५४८९ | " |
| | | भे१च२५०६ | दिपक कु.सुवेदी | ९८५८०२९२२२ | सामाजिक सेवा केन्द्र |
| २ | दुल्लू नगरपालिका | भे१झ २८५ | रेशम ब. भण्डारी | ९८४८२८७०७ | दुल्लू अस्पताल |
| ३ | चामुण्डा विन्द्रासैनी नगरपालिका | भे१झ २६३ | पदम वि.क. | ९८६८९१०६५३ | चा.वि.नगरपालिका |
| ४ | आठवीस नगरपालिका | भेझ २३६ | कृष्ण ब.शाही | ९८६५५८३३६० | स्वास्थ्य चौकी |
| ५ | ठाटीकाँध गाउँपालिका | भे१झ २५१ | लक्ष्मण थापा | ९८५८०५९४२३ | प्राथमिक स्वास्थ्य केन्द्र |
| ६ | भैरवी गाउँपालिका | भे१झ २८९ | - | - | भैरवी गाउँपालिका |
| ७ | महाबु गाउँपालिका | भे१झ २९४ | हरी कु.बुढा | ९८०४५२७१२० | महाबु गाउँपालिका |
| ८ | भगवतिमाई गाउँपालिका | भे१झ २८७ | सर्वजित हमाल | ९८४४३६३१६८ | भगवतिमाई गाउँपालिका |
| ९ | डुङ्गेश्वर गाउँपालिका | भ१झ २९० | दिपक कु. गुरुङ्ग | ९८१८७४३९५७ | डुङ्गेश्वर गाउँपालिका |

### COVID-19 Friendly Ambulance

| क्र.सं. | स्थानीय तह | एम्बुलेन्स नं. | चालकको नाम | सम्पर्क नं. | एम्बुलेन्स धनी |
|---|---|---|---|---|---|
| १ | नारायण नगरपालिका | भे१झ १८४ | अर्जुन ब. शाही | ०८९-४१०१२७ | स्वास्थ्य सेवा कार्यालय |
| २ | नारायण नगरपालिका | बा२झ ३१०२ | पूर्ण ब. बस्नेत | ९८६७४६५४८९ | " |
| ३ | नारायण नगरपालिका | भे१च२५०६ | दिपक कु.सुवेदी | ९८५८०२९२२२ | सामाजिक सेवा केन्द्र |




**रुघा खोकी र फ्लू जस्तो लक्षण देखिएमा तुरुन्त स्वास्थ्यकर्मीको परामर्श लिऔं।**